# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जोरायल गाउँपालिका
## डोटी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जोरायल गाउँपालिका
## डोटी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जोरायल गाउँपालिका

## डोटी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ५९

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्ष ज्यू,
जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डोटी ।

१. **कैफियत सहितको राय** – हामीले जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ५९ लाख १ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिकृया प्राप्त भएकोमा सो उपर कारबाही भई रु. ८ लाख २८ हजार फस्यौंट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ७ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८५ लाख १६ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ५७ लाख ६७ हजार समेत रु. २ करोड ५० लाख ७३ हजार रहेको छ । जोरायल गाउँपालिकाको गतवर्ष सम्म रु. १५ करोड ६१ लाख ९० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड १२ लाख ६३ हजार रहेको छ । जोरायल गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने जोरायल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी जोरायल गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

जोरायल गाउँपालिका,

डोटी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८१ | १६७ | २५९०१ | ० | ५४ | ८२८ | ८१ | ११३ | २५०७३ | ७९० | १५७६७ | ८५१६ | ० | ० | २४२८३ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोटी | १५६१९० | ० | ० | १५६१९० | ० | २५०७३ | १८१२६३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २.७ | कर दाखिला भएको प्रमाण पेश | १०३२६.०६ |
| २ | ०७९।०८० | ३४ | सवारी नवीकरण पेश भएको | ९९८० |
| ३ | ०७९।०८० | ४३.१ | भत्ता असुल भई प्रमाण पेश भएको | ३३१५० |
| ४ | ०७९।०८० | ४३.३ | बढी भत्ता भुक्तानी असुल भएको | ७००० |
| ५ | ०७९।०८० | ४३.५ | दैनिक भ्रमण भत्ता असुल | २००० |
| ६ | ०७९।०८० | ४३.६ | दोहोरो भत्ता असुल भएको | ३२०० |
| ७ | ०७९।०८० | ४३.७ | रिचार्ज खर्च असुल | १५६०० |
| ८ | ०७९।०८० | ४५.३ | बढी भुक्तानी असुल | ९९१९ |
| ९ | ०७९।०८० | ४७ | बढी भुक्तानी असुल | १५१६२ |
| १० | ०७९।०८० | ५४ | कार्य सम्पन्न पेश | ३९९५६८ |
| ११ | ०७९।०८० | ६८ | कार्य सम्पन्न पेश | ३३८९१ |
| १२ | ०७९।०८० | ६९ | छात्रवृत्ति बढी भुक्तानी असुल | ३६०० |
| १३ | ०७९।०८० | ८५ | घटी मूल्याङ्कन असुल | ५५३८ |
| १४ | ०७९।०८० | ८६ | बढी भुकतानी असुल | ७३०५६ |
| १५ | ०७९।०८० | ८९ | बढी भुकतानी असुल | ७५८१६ |
| १६ | ०७९।०८० | ९३ | बढी भुकतानी असुल | ७५००० |
| १७ | ०७९।०८० | ९४ | कर कट्टि असुल | ५५०६९ |
| | जम्मा | | | ८२७,८७५.०६ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह– अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ४१९.९ वर्ग किलोमिटर तथा २०, ३६४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१४ देखि २०८०।११।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा

उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय र व्ययतर्फ रु. १ अर्ब २७ करोड ७३ लाख ७० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २२,९०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | प्र प्र अ गणेश दत्त भट्टको सरुवा भ्रमण खर्चमा भएको बढी भुक्तानी असुल | ८००० |
| २ | नरेन्द्र सिं ठगुन्नालाई बैठक भत्तामा भएको दोहोरो भुक्तानी असुल गरी दाखिला | ६४०० |
| ३ | चन्द्र बहादुर सार्कीले कार्यक्रम संचालन गर्दा स्टेशनरीमा भएको बढी भुक्तानी असुल गरी दाखिला | २५०० |
| ४ | प्रेम राज जोशीको सरुवा भ्रमण खर्च भुक्तानीमा बढी भएको रकम असुल गरी बैंक भौचर पेश भएको। | ६००० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष

व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,१४,७३,६९० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५६,७७,३५०,यस वर्षको प्राप्ति रु. ११,३७,५२,१७७.५८ र यस वर्षको भुक्तानी रु. १०,९०,७४,८२७.५८ र बैंक मोज्दातमा रु.१०,००,००० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ४४७०१३२४.५९ | ६७०३३६५८२.९८ | ६६६९१३३८३.३२ | ४८१२४५२४.२५ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५०३७८६७४.५९ | ५५६५८४४०५.४० | ५५७८३८५५५.७४ | ४९१२४५२४.२५ |
| फरक | (५६,७७,३५०) | ११,३७,५२,१७७.५८ | १०,९०,७४,८२७.५८ | १०,००,००० |

२.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ४,४७,०१,३२५.५९ मौज्दात रहेकोमा यो वर्ष रु. ५,०३,७८,६७४.५९ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५६,७७,३४९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आन्तरिक राजश्व खाता | ० | १८८१६९९.८५ | १८८१६९९.८५ |
| बाँडफाँडबाट प्राप्त राजश्व खाता | ० | १०३६७८.०९ | १०३६७८.०९ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ९२५८६१ | ९२५८६१ | ० |
| स्थानीय तह सञ्चित कोष खाता | ३११७५३९७ | १५३५४७२४.४९ | (१५८२०६७२.५१) |
| चालु खर्च खाता | ० | ६९९४७९८.५३ | ६९९४७९८.५३ |
| पुँजीगत खर्च खाता | ० | ६८८४९२६.०४ | ६८८४९२६.०४ |
| विविध खर्च खाता | ४५४५२५.२० | ८५९००६.५३ | ४०४४८१.३३ |
| स्थानीयतह प्रकोप व्यवस्थापन खाता | १९३९२७२ | १९५१८१२ | १२५४० |
| स्थानीय तह विविध कोष खाता | ३५५४८२.९५ | ३६९०९४.७२ | १३६११.७७ |
| स्थानीय तह धरौटी खाता | १३२७३९८६ | १३१८२१२० | (९१८६६) |
| जम्मा | ४,८१,२४,५२४.२५ | ४,८५,०७,७२१.४० | ३,८३,१९७ |

पालिकाले स्रेस्ता मौज्दात र बैंक स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दातमा फरक परेको रकम रु. ३,८३,१९७ र बैंक तथा नगद बाँकी रु. ४,८१,२४,५२४.२५ र बर्षान्तरको बाँकी रु.४,९१,२४,५२४.२५ देखिएको छ । म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजश्व खातामा रु. १८,८१,६९९.८५, बाँडफाँडबाट प्राप्त राजश्व खातामा रु. १,०३,६७८.०९, चालु खर्च खातामा रु. ६९,९४,७९८.५३, पुँजीगत खातामा रु. ६८,८४,९२६.०४ समेत रु.१,५८,६५,१०२.५१ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ **कर दायित्व –**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर कर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२३ ***को निर्णयबाट रु. १०,३२६.०६ सम्परीक्षण गरिएको ।)***

३ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत

रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनमा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९१९९४८१५.६ | ८२०७६३१४.३६ | १५.०१ |
| २ | पूर्वाधार विकास | ६९९५८१८४.४ | ५६४९९९०९.९६ | १०.३३ |
| ३ | सामाजिक विकास | ३२५९८४६०० | ३०५२५७१२१.०१ | ५५.८३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३०९९१०२८ | २८९५६६०९ | ५.३१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०६६१९३७२ | ७३९२४१८३.४२ | १३.५२ |
| **जम्मा** | | ६२५५४८००० | **५४६७१४१३६.८** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.८३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ५.३१ प्रतिशत रहेको छ ।

४ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः-

रु. हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८१७५७ | ० | १५११ | ५१२२७ | १२९०१८ | ८२१६३ |
| प्रतिशत | १०० | ० | ०.८३ | २८.१९ | ७०.९८ | ४५.२० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८ करोड १७ लाख ५७ हजार निकासा

भएकोमा प्रथम त्रैमासिकमा रु. शून्य (० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १५ लाख ११ हजार (०.८३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५ करोड १२ लाख २७ हजार (२८.१९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२ करोड ९० लाख १८ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ८ करोड २१ लाख ६३ हजार (४५.२० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ३५,७९,८०५.०१ राजस्व बाँडफाँड र अनुदानबाट रु. ५४,४४,९८,२३२.१४ समेत रु. ५४,८०,७८,०३७.१५ आम्दानी भएकोमा चालु तर्फ रु. ३६,४९,५६,२३८.४३ र पूँजिगत तर्फ रु. १८,१७,५७,८९९.३२ समेत रु. ५४,६७,१४,१३७.७५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ५५,५०,५०० खर्च भएको छ जुन आन्तरिक आयको १५५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.७५ प्रतिशत चालु र ३३.२५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

- बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई

वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री

डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• कानुन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

---

७ **आवधिक योजना –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको भएतापनि आवधिक योजनाको Page layout मिलेको देखिएन ।यसको Final copy पनि Print भएको देखिएन । गाउँपालिकाको आवश्यकता र प्राथामिकताका आधारमा योजना बनाउनुपर्ने देखिन्छ । पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि वास्तविकता र मागमा आधारित आवधिक योजना तर्जुमा गरी कार्यान्वयन तर्फ पर्याप्त ध्यान दिनुपर्दछ ।

---

८ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२२ योजनामा वजेट विनियोजन गरिएको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ११८ | ११ | ४२ | ६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | वडास्तरीय | २०४ | ० | ५ | १९९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३१८ योजनामात्र कार्यान्वयन भई ४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थः पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति -** बजेट सीमा निर्धारण समिति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समयमै समितिको गठन गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्रथामिकीकरण र कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ५९ करोड ६६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति

२०७९।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजनाको प्रभावकारी कार्यान्वयन गर्नतर्फ ध्यान दिनुपर्दछ ।

१२ **कानून र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ५ वटा नियमावली, ६२ कार्यविधि लगायत ८६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ६० वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि नियममानुसार राजपत्रमा प्रकाशित गर्नुपर्ने कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३ **न्यायिक समिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १३ गरी कुल १४ विवाद दर्ता भएकोमा १३ वटा मात्र फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१४ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३५,७९,८०५.०१अर्थात अनुमान भन्दा २०.४५ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१५ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा संघीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः-

| संघीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४,८३,९२,९९४.७३ | ३५,७९,८०५.०१ | ०.७९८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक

आयको हिस्सा ०.७९८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ५०००० | ० | ० |
| वहाल कर | १८०००० | २३४६०५।८२ | १३०।३४ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | ८५०० | १।७ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१७ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५८** मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर अनुमान ५,००,००० रहेकोमा यस वापत संकलन रु. ८,५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था रहेन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरभित्र ल्याउनु पर्दछ ।

१८ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १,५८,११,१७२ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९२

दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत-१, इन्जीनियर-१,कृषि अधिकृत-१, पशु विकास अधिकृत/पशु विकास चिकित्सक-१, मेडिकल अधिकृत-१, कविराज-१, सहायक पाँचौ प्रशासन-१, लेखापाल-१ सहित ४३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२० **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १८ करोड १७ लाख ५७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२१ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निर्णय बमोजिम ७७ कार्यक्रम घटाई ९७ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.३,५५,७२,००० अर्थात कुल बजेट रु.६२,५५,४८,००० को ५.६९ प्रतिशत र अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ ।

| क्रस | स्वीकृत आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | गल्टीखोला खा.पा. मर्मत | १००००० | नकुरडा खानेपानी मर्मत | १००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | तरकारी संकलन केन्द्र भवन निर्माण डाँडाखाली | ४००००० | धारापानी देखी डाँडाखाली सडक स्तरोन्नती योजना | ४००००० | |
| ३ | कर्मचारी कल्याण कोष | १०००००० | मसलन्द तथा कार्यालय सामाग्री | १०००००० | |
| ४ | वरलकट्टे रिठारा कृषि सडक निर्माण | २००००० | तडा रिठारा कृषि सडक निर्माण | २००००० | |
| ५ | बोहरा गाउँ मालिका गैरेलेक सडक निर्माण | ५००००० | गैरलेक मन्दिर भान्साघर निर्माण | ५००००० | |

२२ **बजेट अवण्डा –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्रथामिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. १ करोड २९ लाख अबण्डा बजेट व्यवस्था गरी योजनामा रु. १ करोड १९ लाख खर्च गरेको छ। ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजना तथा कार्यक्रमको नाम | बजेट / खर्च रु. |
|---|---|---|
| १ | कर्नासी नदी तटबन्धन | २०,००,००० |
| २ | ३ नं. वडा कार्यालय भवन | २०,००,००० |
| ३ | चिरकिट्टे खालवास्ता सडक डिपिआर | २०,००,००० |
| ४ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २,५०,००० |
| ५ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ४,००,००० |
| **जम्मा** | | **६६,५०,०००** |

यसरी पालिकाले बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको देखिदैन । तसर्थ, बजेटलाई अवण्डा नराखी बजेटरी अनुशासन पालना गर्न बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२३ **लक्ष्य प्रगति** - लक्ष्य प्रगति कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा संघीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ३२२ | ४ | ० | ० | ११ |

शुन्य प्रगति भएका ४ योजना र ७५ प्रतिशत भन्दा कम प्रगति भएका ११ योजना रहेको पाईयो । योजना छनोट गर्दा आवश्यकताका आधारमा गर्ने र छनोट पश्चात पूर्णरुपमा कार्यान्वयन हुने अवस्था हुनुपर्दछ ।

२४ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२५ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६०।७५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | छहरा झरना सडक | JRM/NCB/WORKS-01/2079/80 | Gorill Niraman Sewa, Dhangad, kailali | १,१५,२०,००० | ४५,२०,७९५।३९ | ६०।७५ |

२६ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेका छन् । यसमा (COPOMIS) बाट विवरण दाखिला गरेका सहकारी संस्था ५ वटा मात्र रहेका छन् । बांकी सबै पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२७ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२९ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३० **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की गत विगत आर्थिक वर्षदेखि

फस्र्यौट नभई रु.४७,९२,३५६.१५ बाँकी रहेको देखिन्छ । यसको व्यवस्थित अभिलेख राखि फछर्यौट गर्नेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

३१ **निरीक्षण नभएको –** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.३५,७९,९००।२६ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ। उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।

३२ **ढिला राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखि ढिला दाखिला गर्ने गरेको पाईयो यसमा तत्काल सुधार हुनुपर्दछ ।

३३ **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

३४ **नवीकरण जरिवाना-**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर सवारी नवीकरण गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२३ ***को निर्णयबाट रु.*** ९,९८० ***सम्परीक्षण गरिएको ।)***

३५ **वितरण भरपाई नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न

हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका सामाग्री खरिद गरि वितरण भरपाई संलग्न नगरेको पाईयोः

| गोश्वारा भौचर नं | सामाग्री | संख्या | मुल्य |
|---|---|---|---|
| ४४१।२०७९/१२/१२ | कम्बल | २५ | ५०००० |
| ७१६।२०८०/२/१७ | भिन्डीको बिउ | ७केजि | ८९९९९ |
| | मुलाको बिउ | २ केजि | |
| | करेलाको बिउ | १०० केजि | |
| जम्मा | | | १३९९९९ |

उल्लेखित सामाग्रीहरुको वितरण भरपाई पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३९,९९९ |

३६ **गाडी भाडा** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। पालिकाले विभिन्न मितिमा सवारी धनीसँग सम्झौता गरेर गाडी भाडामा लिई प्रयोग गरेको देखिन्छ। यसरी गाडी भाडामा रु.८,४३,४०० खर्च गरेको छ । कार्यालयको कामकाजको शिलशिलामा मात्र खुलाई प्रष्ट प्रयोजन बेगर पालिकाको आफ्नै गाडी हुँदाहुँदै गाडी भाडामा लिई प्रयोग गर्ने गरेको पाईयो । यस सम्वन्धमा केही उदाहरणहरु -

| क्र स | गो भौ नं र मिति | सवारी धनी | खर्च रकम |
|---|---|---|---|
| १ | २२६,२०७९/८/२२ | गणेश मैडी | ४६००० |
| २ | ३२६,२०७९/१०,२१ | पुस्कर साँउद | २२४०० |
| ३ | ३८४,२०७९/११/१४ | गणेश मैड | ७०००० |
| ४ | ७०४,२०८०/२/१२ | गणेश मैड | ११५००० |
| ५ | ७३२,२०८०/२/२९ | दिप सिँह शाहु | २२००० |
| जम्मा | | | २७,५४०० |

पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययी हुनु पर्ने देखिन्छ ।

३७ **भ्रमण खर्च** - सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत अनुगमन तथा मूल्याङ्कन शिर्षकबाट रु.७,६५,१४७ र भ्रमण खर्च शिर्षकबाट रु. १९,९८,०३५ गरी जम्मा रु.२७,६३,१८२ खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।

• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय र स्पष्ट आधार नदेखिएको

• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नभएको र केही पेश भएको भ्रमण प्रतिवेदनमा पनि भ्रमणको उद्देश्य प्रष्ट नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था देखिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पूर्ण पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता र प्रभाबकारी हुने गरी खर्च गर्नेतर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

---

३८ **सवारी मर्मत** - सवारी साधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च र सवारी साधन मर्मत खर्च शिर्षकबाट गरी जम्मा रु.२५,११,४२६ खर्च गरेको छ ।पटक पटक एउटै सवारी साधन मर्मत गरेकोमा मर्मत गर्नुपर्ने स्पष्ट कारण खुलेको छैन । साथै मर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेतापनी अधिकांस पटक मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्यावधिक गरेको देखिएन ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गरेरमात्र खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

---

३९ **ईन्धन खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ। पालिकाले आ.व २०७९/८० मा ईन्धन पदाधिकारी शिर्षकबाट रु.५,१६०, ईन्धन अन्य प्रयोजनबाट रु.१,९९,२९४ र ईन्धन कार्यालय प्रयोजन शिर्षकबाट रु.२२,२१,७३१ गरी जम्मा रु.२४,२६,१८५ खर्च गरेको छ । प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

---

४० **विपद् व्यवस्थापनतर्फ**

---

४०.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ ।

४०.२ **कार्य योजना -** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ ।

४०.३ **बार्षिक प्रतिबेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४१ **सवारीसाधन खरिद –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन वापतको रु. २९,११,७५०.९० भुक्तानी गरी यसै आ.व मा खरिद गरेको उल्लेख छ । उक्त मुल्यका सवारी साधन सुत्रबाट प्राप्त पालिकाको यस आ ब को आन्तरिक आय रु. ३५,७९,८०५.०१ को ८१.३४ प्रतिशत रहेको देखिन्छ । आवश्यकतामा आधारित रही सवारी साधान खरिद गर्नुपर्दछ ।

| सि.नं | सवारी साधन | संख्या | खरिद मिति | रकम |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | ३ | २०७९।०८।१५ | ९,०१,७००।६० |
| २ | एम्बुलेन्स | १ | २०८०।०३।३१ | २०,१०,०५०।३० |
| **जम्मा** | | | | २९,११,७५०।९० |

४२ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

४३ **आन्तरीक लेखापरीक्षणबाट कायम ब्योहोरा**

४३.१ **बैठक भत्ता-**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२३ ***को निर्णयबाट रु.३३१५० सम्परीक्षण गरिएको ।)***

४३.२ **बिल भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाले तपसिल बमोजिमको भुक्तानी गर्दा खर्च प्रमाणित गर्ने प्रमाण तथा कागजात पेश नगरेको हुँदा प्रमाण तथा कागजात पेश गर्नुपर्ने रु.

| क्र.स | गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ८३५,२०८०/३/१४ | प्रशासन सहायक श्री विनोद रजवारले संचालन गरेको बालबालिका लक्षित कार्यक्रममा झोला वितरणको भरपाई पेश नभएकोले बिल भरपाई पेश गर्ने | १९६०२ |
| २ | ६८२,२०७९/१२/२२ | अपांग व्यक्तीहरुको लागी जिविकोपार्जन कार्यक्रम अन्तरगत बाख्रा वितरणको बिल भरपाई पेश नभएकोले बिल भरपाई पेश गर्ने | १२७५०० |
| ३ | ७३१,२०८०/२/९ | शोभान सिं वलिलाई यातायात खर्च भुक्तानीमा प्रयोजन नखुलेकोले प्रयोग खुल्ने प्रमाण पेश गर्ने | ९८०० |
| ४ | २४२,२०८०/२/१२ | आयुर्वेद भ्रमण भत्ता खर्च शिर्षकबाट से १ ज ८०० नं को गाडी भाडामा लिएको उल्लेख गरी रु.१,०४,००० भुक्तानी गरेकोमा भ्रमणमा गएको खुल्ले कागजात तथा प्रयोजन नखुलेको हुँदा प्रयोग भएको प्रष्ट खुल्ने कागजात पेश गर्ने | १०४००० |

| | | | |
|---|---|---|---|
| ५ | ३२८,२०८०/३/१७ | एकिकृत पाठ्यक्रम १-३ कस्टुमाईजड कार्यक्रकको प्रा.स अमृत कुमार ओलीले पेश्की फस्यौट गर्दा ३ जना प्रशिक्षकलाई ४ सेशनको रु.१२६०० भुक्तानी गरेकोमा कार्यपत्र संलग्न नरहेको हुँदा कार्यपत्र पेश गर्ने | १२६०० |
| ६ | ३७४,२०८०/३/२० | तरकारी बाली पकेट विकास कार्यक्रम संचालनको लागि कृषि तथा पशुपन्छी फर्म सँग ५ लाख १ हजार को सम्झौता भई ३ लाख पालिकाले दिने सम्झौता अनुसार पालिकाबाट ३ लाख भुक्तानी भएकोमा सो खर्च पुष्टी हुने कागजात सहित कार्यसम्पन्न प्रतिवेदन पेश नभएको हुँदा खर्च पुष्टी हुने प्रमाण कागजात तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने | ३००००० |
| ७ | ३८३,२०८०/३/२१ | नयाँ तरकारीवाली पकेट विकास कार्यक्रम सञ्चालन गर्न श्री परिवर्तन महिला कृषक समुहलाई रु २९,०३५१ भुक्तानी भएको छ । सो कार्यक्रम सञ्चालन अघि सम्झौतामा कामको स्पस्ट विवरण उल्लेख नभएको साथै सम्झौता का कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक सुनुवाई प्राप्त पश्चातमात्र भुक्तानी गरिने उल्लेख भएकोमा सो प्राप्त वेगर भुक्तानी भएकोले सम्झौता बमोजिमका कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक सुनुवाई लगायतका प्रमाण पेश गर्ने । | २९०३५१ |
| ८ | ३५/२०७९/५/२९ | सवारी साधन तथा मेसिनरी औजार भाडा खर्च शिर्षक बाट सु प प्र ००१ च ३३२६ नं. को सवारी साधन भाडामा लिदा एकै मितिमा दुई पटक मिति २०७९।०२।३१ र गते रु १५,००० र ऐ ऐ मितिमै रु ८,००० भुक्तानी भएको देखीन्छ ।त्यस्तै २०७९।०५।१३ र १४ गते रु २०,००० र ०७९।०५।१४ गते रु १५,००० गरि कुल जम्मा रु ५८,००० भुक्तानी भएको देखीएककोले यस सम्वन्धमा पालिकाले एकिन गरी प्रमाण पेश | ५८,००० |

| | | | |
|---|---|---|---|
| | | गर्ने दोहोरो भुक्तानी भएको कुल रकम रु ५८,००० अशुल गर्नुपर्ने रु. | |
| जम्मा | | | ९,२१,८५३ |
| | | प्रमाण पेश नगरेको | ९,२१,८५३ |

४३.३ बढी भत्ता भुक्तानी-

........... ***(प्रारम्भिक प्रतिवेदन उपर बढी भत्ता भुकतानी असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति* २०८१-१-२३ *को निर्णयबाट रु.* ७,००० *सम्परीक्षण गरिएको ।)***

४३.४ **फरक शिर्षकमा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन,२०७६ को दफा २५ मा कारोबार राख्ने प्रयोजनका लागि महालेखानियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखापरीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने साथै आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ बमोजिम तोकिएको बजेट शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले सहायक पाँचौ हेमा कुमारी कपड्याललाई भ्रमण खर्च भुक्तानी गर्दा बिमा तथा नविकरण खर्च शिर्षकबाट रु.९२५५ भुक्तानी गरेको र योगेन्द्र नेपालीलाई सवारी साधान भाडा शिर्षकबाट भुक्तानी गर्नुपर्नेमा सवारी मर्मत शिर्षकबाट रु.१८,००० भुक्तानी गरेकोले। नियमानुसार सम्वन्धित खर्च शिर्षकबाट भुक्तानी गर्नुपर्नेमा फरक खर्च शिर्षकबाट भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,००० |

४३.५

फुटकर खर्च -

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२३ ***को निर्णयबाट रु.*** २,००० ***सम्परीक्षण गरिएको ।)***

४३.६ दोहोरो भत्ता भुक्तानी -

........... ***(प्रारम्भिक प्रतिवेदन असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२३ ***को निर्णयबाट रु.*** ३,२०० ***सम्परीक्षण गरिएको ।)***

४३.७ रिचार्ज खर्च -

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२४ ***को निर्णयबाट रु.*** १५,६०० ***सम्परीक्षण गरिएको ।)***

४३.८ **रुजु तथा टाइपिङमा खर्च -** संस्थागत क्षमता विकास परिक्षा सञ्चालन एवम् विधार्थी मुल्याङ्कन कार्यक्रम सञ्चालन निर्देशिकाले कुन शिर्षकमा कसरी खर्च गर्ने उल्लेख गरेको छ ।पालिकाले सो निर्देशिका विपिरत शिक्षा शाखा अधिकृत तेज बहादुर खत्री र प्रा स अमृत कुमार ओलीले रु १६,००० र १२,००० क्रमस शैक्षिक स्थिति प्रतिवेदन निर्माणमा रुजु तथा टाइपिङ भनि जम्मा रु.२८,००० भुक्तानि लिएकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,००० |

४४ **नमुना विद्यालय अनुदान -** विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालयले नमुना विद्यालय छनौट गरी भौतिक तथा प्राविधिक पुर्वाधार (आइसिटि ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन) विकासका लागि प्रत्येक बर्ष रू. १ करोड ५० लाखका दरले लगातार ३ बर्ष सम्म बजेट विनियोजन गर्ने व्यवस्था अनुसार यस पालिका भित्रको रामपुर नमुना माध्यमिक विद्यालयलाई छनौट गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.४४५ को ८.३ अनुसार नमुना विद्यालयको रूपमा छनौट भएको विद्यालयलाई अनुदान उपलब्ध गराउदाँ विद्यालय र स्थानीय तह विच सम्झौता गरी पहिलो किस्ताको रूपमा ५० प्रतिशत रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम अनुदान दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताको रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। पालिकाले विद्यालयसँग मिति २०७९/११/३० मा Quatar Building निर्माण गर्ने सम्झौता गरेकोमा मिति २०८०।३।२० मा Quatar building निर्माणमा रु.३४,८९,१३५, Waiting Post Constructions मा रु.३,४५,७७९ , School Gate निर्माण मा रु.२,९४,८५५, Play Ground मा रु.३९७५५६, Furniture Work ६,३१,५५७ र Vechile Parking Work मा रु.८९,६८६ गरी जम्मा रु.५०,००,००० खर्च भएको कागजात विद्यालयले पेश गरेको आधारमा पालिकाले रकम निकासा गरेको छ । Quatar Building निर्माण गर्ने मात्र सम्झौता गरी माथि उल्लेखित कार्यहरुमा रकम खर्च गर्नु नियमसम्मत देखिएन साथै वजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षमा भएको निर्माण कार्यको प्रगति, स्वीकृत गुरूयोजनाको वार्षिक कार्यान्वयन योजना र यस आ.व. मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित सम्झौता गरी कार्यसम्पादन गर्नुपर्नेमा सो बेगर विद्यालयलाई अनुदान दिने र खर्च गर्ने गरेको हुँदा यसतर्फ पालिका र विद्यालय दुवैले ध्यान दिई कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेबमोजिमका प्रकृया पुरा गर्नुपर्दछ ।

४५ **उपभोक्ता समितिबाट भएको कामको गलत नापी किताब -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १० मा सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। देहायका उपभोक्ता समितिबाट भएका कार्यको बास्तविक नापी उठाएको पाईएनः

४५.१ **दुर्गा देवि मन्दिर निर्माण -** दुर्गा देवि मन्दिर निर्माण उपभोक्ता समितिले दुर्गा मन्दिर निर्माण सम्पन्न

गरेपछि तयार गरेको नापी किताबमा PCC for RCC Works (1:2:4) अन्तर्गत ०.६३ घनमिटर परिमाणको कार्यबिवरण उल्लेख नगरी परिमाण मात्र राखेर प्रति घनमिटर रु. ११,६९४ दरले भुक्तानी गरेको देखिन्छ। यसरी कार्य उल्लेख नगरी भुक्तानी गरिएको सम्बन्धमा पालिकाले यकिन गरी सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३६७ |

४५.२ **फलेदा खानेपानी मर्मत योजना -** फलेदा खानेपानी मर्मत उपभोक्ता समितिबाट भएको देहायका कार्यको नापी उठाउँदा देहायका कैफियत देखिन्छ:

| कार्य | परिमाण | रकम | कैफियत |
|---|---|---|---|
| पिसिसि कार्य | ०.१३ घमि | १७५२ | RVT कार्यकोनापी किताबमा पिसिसि कार्य अन्तर्गत ०.१३ घनमिटर कार्य विवरण नखुलाई परिमाण मात्र राखिएको तथा उक्त परिमाणको कार्यको आवश्यकता पुष्टि हुन नसकेको |
| ३२ mm पाईप खरिद | ८० मिटर | ८९३७ | ३२ mm पाईप प्रयोग भएको नापी किताबमा उल्लेख भएको तर उपभोक्ता समितले पेश गरेको विलहरुमा सो पाईप खरिद गरेको नपाईएको। |
| जम्मा | | १०६८९ | |

पालिकाले यस कार्यमा देखिएका उल्लेखित कैफियतहरुको सम्बन्धमा यकिन गरी सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गरी संचित कोषमा दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,६८९ |

४५.३ **जठे देवता भण्डार निर्माण-**

........... ***(प्रारम्भिक प्रतिवेदन असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२४ को निर्णयबाट रु. ९,९१९ सम्परीक्षण गरिएको ।)***

४५.४ **मष्टा मन्दिर निर्माण जोरायल -** मष्टा मन्दिर निर्माण उपभोक्ता समितिले मष्टा मन्दिर निर्माण सम्पन्न गरेपछि तयार गरेको नापी किताबमा Earthworks को २३.७० घनमिटर कार्यको कार्यविवरण उल्लेख नगरिएको तथा उक्त कार्यको कुन कामको लागि खनिएको भन्ने आवश्यकता पुष्टि हुन सकेन। अतः उक्त कार्यको सम्बन्धमा पालिकाले यकिन गरि सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,०८७ |

४६ **उद्यम विकास कार्यक्रम -** कुनै पनि कार्यक्रमको प्रशिक्षक नियुक्त गर्दा अधिकारप्राप्त निकायबाट निश्चित अवधिको तालिम सम्पन्न गरि प्रमाणपत्र लिएको हुनुपर्दछ । उद्यम विकास कार्यक्रम अन्तर्गत मसला बनाउने कार्यक्रममा प्रशिक्षकको रुपमा विना देवी बस्नेतसँग सम्झौता गरी नियुक्त गरिएकोमा सम्बन्धित व्यक्ति प्रशिक्षक भएको प्रमाणपत्र संलग्न गरेको पाईएन । अतः प्रशिक्षकको प्रमाणपत्र बिना संचालन गरिएको कार्यक्रममा भएको खर्च मनासिब देखिएन । प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२८,९१९ |

४७ **रात्री सेवा तथा अतिरिक्त समय (OT) भत्ता -** स्वास्थ्य सेवा विभागको मिति २०६७।२।२६ को परिपत्र अनुसार स्वास्थ्यकर्मिहरुले रात्रि सेवामा काम गरेबापत काम गरेको अभिलेखका आधारमा प्रति रात रु. १५० भत्ता दिने उल्लेख गरेको छ।पालिकाले सरस्वतीनगर प्राथमिक स्वास्थ केन्द्रका देहायका स्वास्थकर्मीहरुलाई उल्लेख दरभन्दा बढी दरमा भत्ता भुक्तानी गरेको पाईयोः

| क्र.सं. | नाम | पद | दिन | भुक्तानी दर | कर कट्टी पछी भएको भुक्तानी | भुक्तानी हुन पर्ने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | डा. अजय यादव | मेडिकल अधिकृत | २२६ | ३५० | ६७२३५ | १५० | ३३३३५ |
| २ | रविछाया ज्योती | स्टाफ नर्स | १०० | ३०० | २५५०० | १५० | १२४५० |
| ३ | पवित्रा अवस्थी | सिअनमी | ९७ | २५० | २०६१२ | १५० | ६०६२ |
| ४ | तिलकराज जोशी | अ हे ब | ६४ | २५० | १३६०० | १५० | ४००० |
| ५ | निर्मला बिष्ट | अ हे ब | ७८ | २५० | १६५७५ | १५० | ४८७५ |
| ६ | खेमा भट्ट | अ न मि | १४ | २५० | २९२५ | १५० | ८२५ |
| ७ | तुलसी बोहरा | अ न मि | ११७ | २५० | २४८६२ | १५० | ७३१२ |
| जम्मा | | | | | | | ६८,८५९ |

उल्लेखित विवरण आधारमा सम्बन्धित व्यक्तिहरुबाट असुलउपर गरी संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु.

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२४ को निर्णयबाट* जम्मा *रु. १५१६२ ।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,८५९ |

४८ **कृषि अनुदान कार्यक्रम -** पालिकाले बजेट विनियोजन गरी कृषि तथा पशु सम्बन्धी विभिन्न समाग्री वितरण गर्ने तथा फर्महरुलाई अनुदान हस्तान्तरण गर्ने कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ। पालिकाले यस्ता कार्यक्रम सञ्चलान गर्दा अनुदानलाई प्रतिस्प्रर्धी बनाई योग्य लाभग्राही छनौट गरेको पाईएन। अनुदान दिएपछी कृयाकलापगत अनुगमन, मुल्याङ्कन गरी वास्तविक प्रतिवेदन तयार गरेको देखिएन। पालिकाले अनुदान वितरण मात्र गरी उपलब्धि मापन नगर्दा अनुदानमा खर्च गरिएको रकमको औचित्यता पुष्टि नहुने देखिन्छ। अतः पालिकाले कृषि कार्यक्रमहरु सञ्चालन गर्दा योग्य लाभग्राहीहरु छनौट गरी नियमित अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन मार्फत अनुदानलाई उपलब्धिमुलक बनाउनु पर्दछ। पालिकाले अनुदान वितरणका केहि उदाहरणहरुः

| कार्यक्रम | लाभग्राही | अनुदान रकम |
|---|---|---|
| युवा उद्यमी प्रोत्साहन कार्यक्रम | चन्द्रा कृषि तथा पशुपन्छी फर्म | २,००,००० |
| बाखा वितरण कार्यक्रम | ३० कृषकहरुलाई प्रति कृषक १२००० विरण | ३,६०,००० |
| एकल महिला दलित लक्षित बाखा वितरण कार्यक्रम | एकल तथा दलित कृषक | ३,७०,००० |

४९ **नेपाल जलबायु नमुना कार्यक्रम -** पालिका वा सो अन्तर्गतका गाउँ वा शहरहरुको जलबायु परिवर्तन अनुकूलन र न्यूनीकरणका कार्यहरु सघन रुपमा सञ्चालन गरी जलबायु उत्थानशील विकासको नमुना प्रदर्शन गर्ने उद्देश्य राखि सञ्चालनमा रहेको यस कार्यक्रम अन्तरर्गत यस पालिका छनौट भई रु. १,००,००,००० विनियोजन भएकोमा रु. ९८,७६,९१९ खर्च भएको छ। नेपाल जलवायु नमुना कार्यक्रम संचालन कार्यविधिले स्थानीय तहले गर्नु पर्ने कार्यहरु निर्धारण गरेको छ। पालिकाहरुले स्थानीय अनुकूलन कार्ययोजना (लापा) तर्जुमा, कार्यक्रम कार्ययोजना तर्जुमा, कृषि तथा खाद्य सुरक्षा, वन, जैविक विविधता तथा जलाधार, जलस्रोत तथा उर्जा लगतायतका क्षेत्रहरु छनौट गरी कार्ययोजनामा समावेश गरिने कृयाकलापहरु निर्धारण लगायतका कार्यहरु गर्नुपर्दछ। पालिकाले यस कार्यक्रम सञ्चालन गर्दा जलबायु नमूना गाउँको रुपमा कुमारा गाउँ छनौट गरी उपभोक्ता समिति गठन मार्फत विभिन्न कृयाकलाप सञ्चालन बापत उपभोक्ता समितिलाई रु. २४,५०,००० भुक्तानी र अन्य रकम पालिकाले माटो परीक्षण, विभिन्न कृषि सामाग्री वितरण, कृषि सम्बन्धि तालिम गोष्ठी लगायतका कार्यहरुमा खर्च गरेको देखिन्छ। पालिकाले कार्यविधिले तोकेको स्थानीय अनुकूलन योजना (लापा) तयार गरेको पाईएन। साथै कार्ययोजना तयार गर्दा विभिन्न उल्लेखित क्षेत्रहरु समेटी कृयाकलापहरु सञ्चालन गर्नुपर्नेमा कृषि क्षेत्र मात्र समेटेको, तालिम तथा गोष्ठीहरुमा खर्च बढी गरेको देखिन्छ। साथै कार्यविधिले निश्चित गरेको चौमासिक कार्यतालिका बमोजिम कार्य सम्पादन गरेको समेत पाईएन। पालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन, मुल्याङ्कन तथा सम्बन्धित निकायमा प्रतिवेदन गरेको पाईएन। पालिकाले कार्यक्रम सञ्चालन गर्दा कार्यविधिले निश्चित गरेका प्रकृयाहरु पुरा गरी सञ्चालन गर्नु पर्दछ।

५० **पढदै कमाउँदै -** पढ्दै कमाउँदै कार्यक्रम संचालन कार्यविधि,२०७८ को बुँदा नं १० मा अनुदान खर्च गरिने क्रियाकलापहरुमा उत्पादमुलक प्रकृतिको संरचना तयार गर्न, उत्पादनका लागि आवश्यक औजार, उपकरण तथा अन्य सामान खरिद गर्न र विद्यार्थिको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थिको आफ्नै जमिनमा वस्तु उत्पादन गरी विक्री वितरण गर्नको लागि अनुदान रकम खर्च गर्न सकिने व्यवस्था भएकोमा पालिकाले रामपुर नमुना माध्यमिक विद्यालयको खातामा निकासा गरेको रु.१० लाख बाट विद्यालयले ३० जना विद्यार्थिलाई रु.२० हजारका दरले वितरण गरेको भरपाई संलग्न राखी रु.६ लाख खर्च गरेको छ ।विद्यालयले वितरण गरेको रकमबाट विद्यार्थिहरुले व्यवसाय संचालन गरे नगरेको, उत्पादनका लागि आवश्यक औजार, उपकरण तथा अन्य सामान खरिद गरे नगरेको र विद्यार्थिले आफ्नै जमिनमा वस्तु उत्पादन गरी विक्री वितरण गरे नगरेको सम्वन्धमा एकिन हुने कागजात तथा प्रमाण पेश नगरी रकम वितरण गरेको भरपाई मात्र संलग्न राखेको आधारमा अनुदानको सही सदुपयोग भएको छ भन्ने अवस्था नरहने हुँदा अनुदानको सही सदुपयोग भएको देखिने प्रमाण तथा कागजात पेश गर्ने अन्यथा सम्वन्धितबाट असुल गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

५१ **वडागत खर्च -** पालिकाको बजेटमा प्रत्येक वडालाई नियमित खर्च प्रयोजनका लागि विनियोजित रकम र वडाहरुले गरेको खर्च देहायबमोजिम देखिन्छः

| वडा नं | खर्च रकम |
|---|---|
| १ | ५१५२२७ |
| २ | १६,५६,४८४ |
| ३ | १२,०५,९३५ |
| ४ | १०५२९५५ |
| ५ | १२,१०,४६४ |
| ६ | १०,२६,८८७ |

वडाहरुले खर्च गरि विल भरपाई पेश गरेको आधारमा वडा सचिवको नाममा पालिकाबाट भुक्तानी भएको, पालिकाले गर्ने प्रकृतिका कार्य वडा पनि गर्ने गरेकोले काममा दोहोरोपना भएको देखिन्छ। प्रहरी चौकीको खर्च भुक्तानी, शिक्षक पारिश्रमिक छात्रावृत प्रदान जस्ता आफ्नो अधिकार क्षेत्रभन्दा वाहिरका कार्यहरुमा पनि खर्च गरिएको छ।साथै वडाले खरिद गरेका सामाग्रीहरुको एकिकृत रुपमा पाम्समा दाखिला नभएको तथा सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिको, कतिपय खरिद गरेका सामाग्रीहरु उद्देश्य नखुलेको, सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिको, इन्धन खर्चको लगबुक नराखिएको देखिन्छ। त्यस्तै कतिपय सामाग्री खरिदको कागजात पेश हुन नसकेको तथा खर्चको प्रयोजन खुल्न नसकेको पाइयो। अतः वडाहरुले गरेको खर्चको भुक्तानी गर्दा वडा सचिवको नाममा भुक्तानी नगरी सम्बन्धित पार्टीलाई भुक्तानी गर्नु पर्ने, मर्मत तथा इन्धन खर्चको अभिलेख राख्नु पर्ने, कार्यालय व्यवस्थापनलाई आवश्यक रकम मात्र वडाहरुले खर्च गर्नु पर्दछ।

५२ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. १,६७,००८ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **३० प्रतिशत रकम** |
|---|---|---|---|---|
| पूजिगत २०३/२०८०/२/९ | जि स्टार निर्माण तथा परामर्श | ४९८००० | ५७२८६ | १७१८६ |
| पूजिगत २५२/२०८०/२/३० | जि स्टार निर्माण तथा परामर्श | ४९८३३० | ५७३३० | १७१९९ |
| पूजिगत २९९/२०८०/३/२३ | लबिना कन्स्ट्रक्सन | ७६५७०४ | ८८१०९ | २६४३२ |
| चालु ८४२,२०८०/३/१५ | रिसर्च सेन्टर फर बेटर गभर्नेस प्रा.लि | ७४९७७८० | ९१७८० | २७५३४ |
| चालु ८३३,२०८०/३/१३ | पावरटेक नेपाल प्राईभेट लिमिटेड | १३९३४१४ | १६०३०४ | ४८०९१ |
| चालु ९१३,२०८०/३/२३ | स्मार्ट टेक नेपाल प्रा.ली | ८८५९२० | १०१९२० | ३०५६६ |
| **जम्मा** | | | | १,६७,००८ |
| तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | | | | |
| | | | प्रमाण पेश नगरेको | १,६७,००८ |

५३ **अनियमित भुक्तानी -** नेपालको संबिधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ । यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची- ८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ ।उक्त दफा बमोजिम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ। पालिकाले निम्नानुसार क्यापसहरुलाई अनुदान दिएको देखिन्छः

| क्यापसको नाम | अनुदान रकम |
|---|---|
| केदार ज्योतिपुन्ज बहुमुखी क्याम्पस | २,५०,००० |
| घन्टेश्वर सेती महाकाली बहुमुखी क्याम्पस | १,५०,००० |
| जम्मा | ४,००,००० |

यसरी पालिकाले कार्य क्षेत्र भित्र नपर्ने निकायहरुलाई समेत अनुदान दिने अभ्यासलाई नियन्त्रण गर्नुपदर्दछ।

५४ **लिजलाईन इन्टरनेट जडान-**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति* २०८१-१-२४ ***को निर्णयबाट रु.*** ३९९,५६८ ***सम्परीक्षण गरिएको ।)***

५५ **प्रतिवेदन तयार** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (८) तालिम, सेमिनार, गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।पालिकाले संचालन गरेको तपसिल बमोजिमको तालिम तथा कार्यक्रममा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन ।

| क्र.स | गो.भौ.नं र मिति | तालिम/कार्यक्रम | भुक्तानी लिनेको नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | ४८१,२०७९/१२/९ | युवा तथा महिला बालबालिका अपाङ्ग लक्षित कार्यक्रम | विक्रम महत | ९७२०० |
| २ | ४८२,२०७९/१२/९ | कार्यक्रम खर्च | विक्रम महत | ९७२०० |
| ३ | ७४२,२०८०/२/३० | विद्यालय लेखा व्यवस्थापन तथा IEMIS सम्वन्धी तालिम | तेज वहादुर खत्री | २३७३३५ |
| जम्मा | | | | ४३,१,७३५ |

नियमावलीमा व्यवस्था भएअनुसार तालिम तथा कार्यक्रम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुलाई प्रतिवेदन तयार गरी स्विकृत गराउनु पर्दछ ।

५६ **खेलकुद कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना

हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले सञ्चालन गरेको तपसिलबमोजिमको अध्यक्षकप खेलकुद प्रतियोगिता कार्यक्रममा खाना, खाजा, भत्ता र ड्रेसमा खर्च भएको विल भरपाई मात्र संलग्न राखि रु.३,९०,००० खर्च गरेको छ ।

| क्र.स | गो.भौ.नं र मिति | खेलकुद कार्यक्रम | भुक्तानी लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६२६,२०८०/१/२१ | अध्यक्षकप खेलकुद प्रतियोगिता | पवन कुमार शाहु | ३९०००० | खाना, नास्ता, मासु र चिया बिल पेश |

कुन दिनमा कति खेलाडी र प्रशिक्षकको लागि के कति खर्च भयो प्रष्ट नभएको र कुन खेलका लागि कति खेलाडीले सहभागिता जनाएका थिए सो लाई पुष्टी गर्ने प्रतिवेदन नराखी भुक्तानी गरेको पाईयो। अतः परिचय खुल्ने कागजात सहित खर्च खुल्ने प्रष्ट आधार र आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५७ **छात्राबास व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले जनप्रिय आ.वि छात्रावास व्यवस्थापन खर्च उल्लेख गरी रु.८,००,००० भुक्तानी गरेको छ । जनप्रिय आ.वि पेश गरेको खर्च विवरण अनुसार कोचिङ्ग कक्षा संचालनमा रु.१,५०,०००, हाजिरी जवाफमा रु.१०,०००, श्रुर्ति लेखनमा ३,०००, भान्से ज्यालमा रु.३,१२,००० र खाजा खानामा रु.३,२५,००० खर्च भएको विवरण पेश गरेकोमा उक्त खर्चलाई प्रमाणीत गर्ने कागजात तथा प्रमाण संलग्न राखेको पाईएन ।माथि उल्लेखित कार्यको खर्च प्रमाणीत हुने कागजात तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

५८ **शिक्षक व्यवस्थापन अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर पालिकाभरिका २८ विद्यालयहरूमा शिक्षक व्यवस्थापन अनुदान उल्लेख गरी रू.७६,१६,६०० भुक्तानी गरेको छ ।कुन विद्यालयले कति जना शिक्षक नियुक्ती गरेको छ सोको विवरण समेत पालिकामा नराखी, शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी यसरी गरिएको खर्चलाई मनासिव मान्न नसकिने हुँदा यस तर्फ पालिकाले ध्यानदिनुपर्ने देखिन्छ।

५९ **धरौटि तर्फ** - सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने अवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यअभिबृद्धि कर विवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी वापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजनको पत्र वा कर चुक्ता प्रमाणपत्र पेश नगरी धरौटी फिर्ता गरेको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डि. एल. पि अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएकाले भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. १६,४५,५९२ दिने कार्य मनासिब देखिएन तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | गौ.भौ/ मिति | धरौटी फिर्ता पाउने | ब्यहोरा | रकम रु. |
|---|---|---|---|---|
| १ | २९/२०८०।०२।०६ | लविना कन्स्ट्रक्सन | प्राविधिक सिफारिस र कर समायोजन नभएको | ६०११०० |
| २ | ३५/२०८०।०२।०६ | मस्टा मसानी इन्जिनियरिङ्ग | प्राविधिक सिफारिस र कर समायोजन नभएको | ७५००० |
| ३ | ३६/२०८०।०२।०६ | घण्टेश्वर इन्जिनियरिङ्ग | प्राविधिक सिफारिस र कर समायोजन नभएको | ४३७०० |
| ४ | २/२०७९।०५।२९ | पञ्चकोसी कन्स्ट्रक्सन एण्डसप्लायर्स | प्राविधिक सिफारिस र कर समायोजन नभएको | २४००० |
| ६ | ४/२०७९।०५।२९ | शुभम् डेभलपर्स एण्डसप्लायर्स | प्राविधिक सिफारिस र कर समायोजन नभएको | १००००० |
| ७ | १०/२०७९।०५।३१ | भगवति निर्माण सेवा | प्राविधिक सिफारिस र कर समायोजन नभएको | २२००० |
| ८ | १२/२०७९।०८।२२ | उमा इन्फ्रा विल्डर्स प्रालि | प्राविधिक सिफारिस र कर समायोजन | ४०८९१५ |

| | | | | |
|---|---|---|---|---|
| | | | नभएको | |
| ९ | १६/२०८०।08।२२ | पिनाकेश्वर निर्माणसेवालाई | प्राविधिक सिफारिस र कर समायोजन नभएको | २५००० |
| जम्मा | | | | १२९९७१५ |
| | | | प्रमाण पेश नगरेको | १२,९९,७१५ |

६० **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| **गो.भौ/मिति** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| ५०५/२०७९/१२/१४ | जोरायल सहकारी संस्था लि | जोरायल सहकारी संस्था लि. व्यवस्थापन कार्यक्रम | ९९,९९९ |
| ३२१/२०८०/०३/२४ | विनय बहुउद्देश्यीय सहकारी संस्था लि | विनय बहुउद्देश्यीय सहकारी भवन मर्मत | ९५,५८८ |
| **जम्मा** | | | १,९५,५८७ |
| | | अनियमित भएको | १,९५,५८७ |

६१ **विविध तथा सभा संञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना लगायत) रु.१७,५१,२७८ खर्च गरेको र सभा सञ्चालनतर्फ रु. ५,३८,२१० छ। सो उक्त खर्च पालिकाको आन्तरिक आय रु. ३५,७९,८०५.०१ को ६४ प्रतिशत हुन आउँछ। यस्तो खर्चमा अत्याधिक खर्च भएको पाइयो । जसका कारण पालिकाको पूँजीगत खर्चमा असर पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| **क्र.स** | **गोभौ/मिति** | **खर्च विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ५८।२०७९।०५।२९ | खाना खर्च | १,०३,१४५ | |
| २ | २३५।२०७९।०८।२२ | चिया नास्ता | १,२०,००० | |
| ३ | ५०।२०७९।०५।२९ | खाजा नास्ता | ७०,००० | |

६२ **जिन्सी निरीक्षण तथा सम्पत्ती संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यबस्था रहेबमोजिम मिति २०८०।०४।०४ मा समिति गठन भई २०८०।०४।२२ मा जिन्सी निरीक्षण गरि प्रतिबेदन पेस गरेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसमानहरु ३ महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व २०७९।८० को जिन्सी निरीक्षण प्रतिबेदनले १ मोटरसाईकल, १२ ल्यापटप, ७ प्रिन्टर, ८ डेस्कटप लगायतका २६ प्रकृतिका मालसमान मर्मत गर्नुपर्ने भनि उल्लेख गरेको छ । उक्त नियमावलीको निमय ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धि व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनुपर्नेमा सो गरेको देखिएन । जिन्सी निरीक्षण प्रतिबेदनले उल्लेख गरेअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारबाही अगाडी बढाउनुपर्ने देखिन्छ । साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई अनिवार्यरुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर पालिकामा ६ वटै वडा कार्यालयले छुट्टाछुट्टै Manual जिन्सी दाखिला गर्ने गरेको पाईयो । पालिका भित्रको सम्पत्तीको लेखाङ्कन एकीकृतरुपमा PAMS मा गर्नुपर्ने हुँदा यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६३ **विद्यार्थी संख्याको सत्यापन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ।यसका लागि विद्यार्थी संख्या एकिन गर्नुपर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ।यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

६४ **शिक्षक दरवन्दी र पदपुर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५८ सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ । शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्तिमध्ये करार | विद्यार्थी संख्या | प्रतिशिक्षक बिद्यार्थीअनुपात |
|---|---|---|---|---|---|---|
| १ | ५८ | २३८ | २३८ | ७ | ६३५९ | १:२६ |

६५ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको

पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ५८ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयकोनाम | शिक्षकदरबन्दी | पदपुर्ति | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थीअनुपात |
|---|---|---|---|---|---|
| १ | भमदेवली आ.वि | ३ | ३ | १३ | १:४ |
| २ | काफलेश्वर आ.वि | ३ | ३ | १८ | १:६ |
| ३ | घण्टेश्वर आ.वि | ७ | ७ | ९२ | १:१३ |
| ४ | रामपुर नमुना मा.वि | १९ | १९ | ८२५ | १:४३ |
| ५ | गौरीशंकर मा.वि | १२ | १२ | ५७७ | १:४८ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:४ देखि १:४८ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

---

६६ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

---

६७ **दिवा खाजा कार्याक्रमको अनुगमन मुल्याँङ्कन नगरेको** - आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा

व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ५८ विद्यालयका लागि दिवा खाजा बापत गौ.भ नं ७४ मिति २०७९।१०।२३ मा रु. २९,३४,८७०, गौ.भ नं १४५ मिति २०७९।१२।०१ मा २४,३४,२९० र गौ.भ नं ३४० मिति २०८०।०३।१८ मा रु. ११,११,२८० विद्यालयहरुको खातामा रकम निकासा गरेको पाइयो । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खाने कुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको देखिएन । पालिकाले निकासा गरेको रकमको तोकिए अनुसार खर्च भए नभएको सुनिश्चित हुने अबस्था रहेन । पालिका र यस सँग सम्वन्धित निकायले अनुगमन गरि निकासा रकमको उच्चतम सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

६८ **बढि ग्रेड भुक्तानी -**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२३ ***को निर्णयबाट रु. ३३८९१ सम्परीक्षण गरिएको ।)***

६९ **छात्रवृत्ति बढी निकासा-**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८१-१-२२ ***को निर्णयबाट रु.*** ३,६०० ***सम्परीक्षण गरिएको ।)***

७० **पाठ्यपुस्तक अनुदान** - विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम अनुदान दिँदा पहिलो किस्तामा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने । शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक पुस्तक खरिद र विवरणका आधारमा एकिन गरी नपुग रकम मात्र थप २५ प्रतिशत अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ। पालिकाले देहायबमोजिमका विद्यालयलाई गौ. भौ नं १६१ मिति २०७९/१२/१४ मा रु. २६,९४,१९४ पहिलो किस्ता ७५ प्रतिशत विद्यार्थी संख्याको लागि पुग्ने रकम निकासा गरेको र पुनः बाँकी २५ प्रतिशत रकम गौ. भौ नं २३९ मिति २०८०/०३/१८ मा रु. निकासा दिएकोमा जगदम्बा आधारभुत विद्यालयमा निकासा रकम रु.७०,८३८ भएको तथा बिल भरपाई रु.६८,७८८ मात्रै देखिएको छ । अतः बिल भरपाई भन्दा बढी भएको निकासा रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०५० |

७१ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १६७७ जना रहेका छन। पालिकाले शिलबन्धी दरभाउ विधिबाट Glolobe Drux Suppliers धनगढी, कैलालीलाई छनौट गरी १४,४१२ प्याकेट स्यानिटरी प्याड रु. १२,८६,५५९ (मु अ कर समेत) मा खरिद गरेको

छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

---

७२ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरण लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सोझै खरिद (कोटेशन)विधि मार्फत संघीय सरकारको ससर्त अनुदान, आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरिद तथा पालिका चालु तर्फको निशुल्क स्वास्थ्य सेवाको लागि औषधी तथा सर्जिकल सामाग्री खरिद कार्यक्रमको २७२१३/२७२१३ बजेट शिर्षकबाट प्रिमियम मेडिसिन सप्लायर्स, रौलेकेदार मेडिसिन सप्लायर्स, सुयोग्य फार्मेसी र मडिलेख मेडिसिन डिस्ट्रिव्युटर्स फर्मसँग रु. २७,७४,४४३ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्णरुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

---

७३ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ८ बर्थिङ सेन्टरमा गत वर्ष ४२५ थानको रु. ३,३०,७१० (मूअकर बाहेक) र यस वर्ष ३३५ थान को रु. २,९९,०५५(मूअकर समेत) खरिद गरेकोमा गत वर्ष २८९ जना र यस वर्ष २७७ जना गरी ५६६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १९६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

---

७४ **अनुगमन र प्रतिवेदन -** अनुदान दिएपश्चात त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ।सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अन्तर्गत

रहेका अधिकांश कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नुपर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको भएतापनि सो अनुदानको तोकिएको समयमा अनुगमन र सोको प्रतिवेदन समेत पनि गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ ।

७५ **नयाँ बाखा पकेट विकास कार्यक्रम -** नयाँ बाखा पकेट विकास कार्यक्रम अन्तर्गत सयपत्री बाखा पालन कृषक समुह सँग रु.१५,००,००० गाउँपालिकाबाट अनुदान र रु.१३,००,००० समुहको लागत सहभागिता हुने गरि सम्झौता भएकोमा देखिएका व्यहोरा देहाएबमोजिम रहेका छन्।

-पकेट विकास कार्यक्रम संचालनको लागि रु.५,८८,००० मा प्रतिबोका रु.१,९६,००० का दरले खरिद गरिएका ३ वटा बोकाको निरोगिता जाँच गरेको पाईएन । साथै खदिद गरिएका बोका शुद्द बोयर जातका भनिएता पनि प्रमाणित प्रतिलिपि संलग्न गरिएको पाईएन ।

-पकेट संचालनका लागि रु.१४,००,००० का १०० वटा बाखा खरिद गरी २५ जनालाई ४ वटाका दरले वितरण गरेको तथा सोको सदुपयोग सम्बन्धमा अनुगमन नभएको ।

७६ **तरकारी बालि पकेट -** प्रधानमन्त्रि कृषि आधुनिकीकरण अन्तर्गत तरकारी बालि पकेट कार्यक्रमका लागि परिवर्तनशिल महिला कृषक समूहसँग रु. ३०,००० को सम्झौता भएकोमा प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना म्यानुअलको अनुसूची १० अनुसारको पेस भएको प्रस्तावहरुलाई अनुसूची ११ अनुसार मूल्याङ्कन गरी प्राथमिकता क्रममा छनौट गर्नुपर्ने व्यबस्था रहेको छ तर पालिकाले अनुसूची ११ अनुसारको मूल्याङ्कन नगरी अनुदान वितरण गरेको पाईएको छ । यसरी कार्यविधिको पालना नगरि अनुदान वितरण गर्दा पाउनुपर्ने वास्तविक लाभग्राहीले नपाउने जोखिम विद्यमान रहन्छ । यस्तो कार्यमा तत्काल सुधार हुनुपर्दछ ।

७७ **कृषि र पशु अनुदान -** जोरायल गाउँपालिकाले कृषक समुहहरुसँग सम्झौता गरी अनुदानको भुक्तानी दिँदा सम्वन्धित प्राविधिकको विल, कार्यसम्पन्न प्रतिवेदन, कृषि विकास शाखा र वडा कार्यालयको सिफारिस र अनुगमन प्रतिवेदन सहित कागजात पेस हुनुपर्ने उल्लेख छ । पालिकाले यस आ व मा वितरण गरेका कृषी सामाग्री र अन्य अनुदान सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्ः

- कृषकको आबश्यकता र निजको जग्गा तथा निजको व्यबसायिक ज्ञान सुनिश्चित हुने आधार नलिई कृषकले दिएको निवेदनलाई आधार मानी मिनिटिलर, मसला बनाउने मेसिन जस्ता कृषी औजार र घाँसको विउ, बाखा, गहुँको बिउँ, मलखाद वितरण गरेको पाईयो ।

- कृषक छनोट र अनुदान वितरणका लागि स्पष्ट मापदण्ड तयार गरेको पाइएन ।

- सम्झौता वमोजिम कृषि शाखाको सिफारिस अनिवार्य संलग्न राख्नु पर्नेमा सिफारिस गरेको पाईएन ।

- पालिकाबाट प्रदान गरेको अनुदानले लाभान्वित कृषकको संख्या खुल्ने तथ्यांक व्यवस्थित राखेको पाईएन ।

- पालिकाले वितरण गरेको अनुदानले कृषि उत्पादनमा बृद्धि भएको छ /छैन यस्तो अनुदानलाई निरन्तरता दिने कि नदिने जस्ता विषयमा पालिकाको ध्यान गएको पाईदैन ।

पालिकाले वितरण गरेको अनुदानको प्रभावकारीता सम्वन्धमा नियमित अनुगमन गरी अनुदान उययोगको सुनिश्चिता गरी कृषि उत्पादनबाट किसानको जीवनस्तरमा सुधार ल्याएको सुनिश्चित गर्ने प्रकृया तयार गरेरमात्र अनुदान दिनेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

७८ **एम्बुलेन्स खरिद** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा कुनै मालसामान निर्माण गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको विक्री मूल्य सम्वन्धित कम्पनीको वेबसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछी समानस्तरको मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराई खरिद गर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ख) मा समान स्तरको मालसामान उत्पादन गर्ने वा वितरण गर्ने उत्पादक कम्पनीलाई वा आधिकारिक विक्रेतालाई कम्तिमा पनि सात दिन देखि बढीमा १५ दिन सम्मको लिखित सुचना दिने, मालसामान बिक्री गर्न चाहाने कम्पनी वा आधिकारिक विक्रेताले सार्वजनिक निकायमा निवेदन दर्ता गराउने,सार्वजनिक निकायले सूचि तयार गर्ने र सूचिका आधारमा खरिद गरिने मालसामानको परिमाण खोलि उत्पादक वा अधिकृत बिक्रेताबाट तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट वा सुविधा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्ने र मूल्यमा पाईने छुट र सुविधामा हुने थप समेतका आधारमा मूल्याङ्कन गरी न्युनतम मूल्याङ्कित सारभुत प्रभावग्राही र प्रस्तावदाताको छनोट गर्ने उल्लेख छ। पालिकाले एम्बुलेन्स खरिदका लागि मिति २०७९/९/२२ मा अत्तरिया राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशन गरेकोमा अग्नी इन्कर्पोरेट प्रा.लि ले मात्र आर्थिक प्रशताव पालिकामा दर्ता गरेको र सोही प्रशतावमा तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट वा सुविधा थप हुन सक्ने/नसक्नेबारे स्पष्ट नपारी न्युनतम मूल्याङ्कित सारभुत प्रभावग्राही प्रस्तावदाता अग्नी इन्कर्पोरेट प्रा.लि छनोट गरी रु.२०,१०,०५० मा एम्बुलेन्स खरिद गरेको छ । ऐन तथा नियमावलीले व्यवस्था गरेबमोजिमका प्रकृया पुरा गरी सार्वजनिक खर्चमा मितव्ययीता अपनाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

७९ **गाउँपालिका स्टोर घर निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा अग्रिम बैंक जमानत लिई सम्झौता रकमको अधिकतम बीस प्रतिशत पेश्की दिन सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ नियम १० मा सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने, नियम ११८ मा खरिद सम्झौता गर्दा बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा मात्र भेरियसन गर्न सकिने तथा त्यस्तो भेरियसन स्वीकृत गर्ने अधिकारीबाट प्रमाणित गरेको हुनपर्ने उल्लेख गरिएको छ। पालिकाले सिलबन्दि दरभाउ नं. JRM/SQ/WORK-08/2079/080 मार्फत रु. १९९१५१८ मा कार्य सम्पन्न गर्ने गरी भुमिराज कन्ट्रक्सनसँग सम्झौता गरेको देखिन्छ। पालिकाले आल्मुनियमको झ्याल, ग्रील कार्य र ग्रिलमा ईनामेल पेन्टिङ्ग बाहेक अन्य सबै कार्यमा भेरियसन गरेको देखिन्छ। कानुनले सम्झौता गर्दाको बखत अनुमान गर्न नसकिएको कुनै निश्चित कार्यमा प्रकृया पुरा गरेर

भेरियसन गर्न सकिने व्यवस्था भएपनि पालिकाले लगभग सबै कार्यमा भेरियसन गरी निर्माण कार्यमा कानुनको पालना नगरेको देखिन्छ। यसरी अश्वभाविक भेरियसनबाट कुल लागत रकममा फरक नपरे पनि निर्माण कार्यको गुणस्तरमा जोखिम देखिन्छ। साथै नियम बमोजिम निर्माण व्यवसायीबाट बैंक जमानत राखेरमात्र पेश्की भुक्तानी गर्नुपर्नेमा जमानत नराखी पेश्की रकम भुक्तानी गरेको पाईयो। पालिकाले निर्माण कार्य गर्दा प्रचलित खरिद कानुनको पालनामा ध्यान दिनुपर्दछ।

८० **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| कर्नासी नदि तटबन्धन(Feasibility Study, Detail Engineering Survey, Design, Drawing and Cost Estimate and DPR Preparation of River Training and Embankment Protection Works, Karnasi River, Koteli Khola and Kumreli River) RFP NO: JRM/DOTI/CS/079/80-01 | आइरिस इन्जिनियरिङ कन्सल्ट प्रा.लि. | १९,९९,०८७.२२ | १९,९६,५९७ | १,९४,५२,५१,९४४.१९ |
| Procuring Consultancy Service for detail Engineering survey, Design, Drawing and Cost Estimate and Detail Project Report for Ward office Building Construction Ward no. 03 and 06 of Jorayal Rural Municipality, Doti RFP NO: JRM/DOTI/CS/079/80-02 | एम एच इन्जिनियरिङ कन्सल्टिङ एण्ड कन्सट्रक्सन प्रा.लि. | १९,९९,१८८.९७ | १९,९७,२७५ | ४,०१,०९,८३६.२४ |
| Detailed Engineering Survey, Design, Drawing and Cost Estimate of Chirkitte Khalbasta Road, | एम एस पी कन्सल्ट प्रा.लि. | १९,९९,८०१.२८ | १९,९६,७१० | ७७३०२६३०२.८२ |

| | | | | |
|---|---|---|---|---|
| Bichel Ulje Faltude and Ritha Kamala Nadi Road and Madeuyal Daha Sismada Road RFP NO: JRM/DOTI/CS/079 /80-03 | | | | |
| जम्मा | | ५९९८०७७।४७ | ५९९०५८२ | २७५८३८८०९३।२५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

---

८१ **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा बीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| JRM/NCB/WORKS-01/2079/80 | Gorill Niraman Sewa, Dhangadhi, kailali | ४५,२०,७९५.३९ | बीमा रकम उल्लेख नभएको | |
| JRM/NCB/GOODS-02/2079/80 | Manakamana Nirman Sewa and Order Suppliers, Gaumul-3, Bajura | ४२,५९,७४९.७० | बीमा रकम उल्लेख नभएको | |
| JRM/NCB/GOODS-03/2079/80 | Inter Teach Pvt. Ltd. Butwal-10, Nepal | ४३,८७,९०७.६२ | बीमा रकम उल्लेख नभएको | |

यसरी बीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

---

८२ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र

वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

८३ **अधुरा आयोजना -** ठेक्का अविधभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी यस पालिकालमा तपसिल अनुसारका ठेक्का सम्पन्न नभई काम अधुरो रहेको देखिन्छ । निर्माण व्यवसायीहरुले प्रत्येक वर्ष थोरै थोरै काम गर्ने र बीचमा कार्य छाडने गरेको कारण ठेक्काहरु अधुरा भएका छन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३, सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने, ठेक्का तोडने, कार्यसम्पादन जमानी प्राप्ती गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ । यस पालिकाले ती व्यवस्थाहरुको कार्यान्वयन नगरेको कारण काम अधुरा रहने ठेक्काहरुको संख्या र समायावधि बढदै गएको देखिन्छ । तपसिलका ठेक्काहरुको पेश्की जमानि प्राप्ती तथा नियमानुसार पूर्वनिर्धारित क्षतिपुर्ती लगाई माथी उल्लिखित अन्य कारबाहीहरु पनि गर्नुपर्दछ। साथै यस्ता ठेक्काहरुको म्याद थप खरिद कानुन संशोधनको आधारमा नगरी सम्झौताको आधारमा गर्नुपर्दछ।

| ठेक्का नं. | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप |
|---|---|---|---|---|
| JRM/WORKS/NCB-06/077/78 | राजेन्द्र निर्माण सेवा प्रा लि धनगढी कैलाली | ११,२१,५८,६३९।८३ With VAT and PS | २०७७।०४।१९ | म्याद थपको लागि निवेदन दिएकोमा कारवाही नभएको । |

८४ **ट्रान्सफर्मर खरिद तथा विद्युत् विस्तार योजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,

२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ट्रान्सफर्मर खरिद तथा विद्युत् विस्तार कार्यक्रम अन्तर्गत ठेक्का नं JRM/NCB/GOODS/02/2079/080 मार्फत मनकामना निर्माण सेवा एण्ड सप्लायर्ससँग रु. ४०,५९,२८८ को विद्युतीय सामाग्री खरिद गरेको पाईयो। खरिद गरिएका सामाग्रीहरु २५ जनालाई वितरण गरेको भरपाई भएपनि जटिल ईलोक्ट्रिकल सामाग्री आम मानिसलाई वितरण गरिनुको उद्देश्य, त्यसको प्रयोगको सम्बन्धमा पुष्टि हुने कागजात पेश भएन। पालिकाले खरिद गरिएका सामाग्रीहरुको प्रयोग भएको अवस्था पुष्टि हुने गरी नापी किताब, काम भएको स्पष्ट देखिने प्रमाणित फोटोहरु, भरपाई बमोजिम काम सम्पन्न भएको खुल्ले वडाको सिफारिस सहितको कागजातहरु प्रमाणको रुपमा पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,५९,२८८ |

८५ **जनश्रमदान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| **गोभौनं./मिति** | **उपभोक्ता समिति र काम** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **उपभोक्ताले व्यहोर्ने %** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|
| १११/२०७९/१२/१३ | होलसेन खानेपानी निर्माण योजना उ.स, खानेपानी संरचना निर्माण | ४६०८०० | ४५८८७० | २० | १४९७४ |
| ११६/२०७९/१२/१३ | श्री कृष्ण मा.वि | २८८००० | २८७६७६ | २० | ९५३५ |
| २०५/२०८०/३/२३ | मालिका भगवती मन्दिर निर्माण उ.स | | ७९३४८४ | २० | १९९४३ |
| जम्मा | | | | | ४४४५२ |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति*** **२०८१-१-२४** ***को निर्णयबाट*** **जम्मा** ***रु.*** **५,५३८** ***।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,४५२ |

८६ **बढी दरमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण सम्वन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सोही प्रयोजनका लागि प्रत्येक जिल्लाले त्यस जिल्लाको लागि लागु हुने गरी निर्माण सामाग्रीको दर तोकेको हुन्छ । यसरी तोकिएको जिल्ला दररेट र सम्वन्धित नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने हुन्छ। तपसिल बमोजिमको निर्माण कार्यमा पालिकाले तयार गरेको दरविश्लेषण भन्दा वढी दररेट राखि लागत अनुमान तयार गरेर सोही अनुसार भुक्तानी दिएको हुँदा वढी हुन गएको रकम सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु.
***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति*** **२०८१-१-२२** ***को निर्णय बाट*** **जम्मा** ***रु.७४०५६ ।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६६,६९१ |

**(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८७ **मन्दिर निर्माण सर्भे खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा स्रोतको उच्चतम प्रतिफल कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ। संघीय सशर्त अनुदान अन्तर्गत पालिका भित्र निर्माण भएका ६९ वटा मन्दिरहरुमध्ये ४८ वटा मन्दिरहरु निर्माणको लागत अनुमान तयार गर्दा प्रत्येक मन्दिरको सर्भे खर्च तोकी पालिका कर्मचारीको नाममा रु १६२६२९६ भुक्तानी लिएको देखिन्छ। सामान्य निर्माण कार्यमा सर्भेको लागि थप खर्चको आवश्यकता पुष्टि हुने देखिदैन। पालिकाले आवश्यकता र औचित्यता पुष्टि भएका विषयमा मात्र खर्च गरी खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

८८ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८२,२०८०/२/९ | श्री जनप्रिय आ.वि | दुई कोठे तथा चार कोठे भवन | २३८३८४२ |

| | | | |
|---|---|---|---|
| | | निर्माण | |
| १७६,२०८०/३/२१ | गौरिशंकर मा.वि | दुई कोठे तथा चार कोठे भवन निर्माण | ४९९७९६१ |
| १८९,२०८०/३/२२ | नवोदय मा.वि | दुई कोठे तथा चार कोठे भवन निर्माण | २३८८९९० |
| २२४,२०८०/३/२४ | बाजिलेक लिफ्ट खानेपानी वडा नं २ उ.स | लिफ्ट खानेपानी संरचना निर्माण | ६९२४६२२ |
| १२१,२०८०/३/२४ | वस्ती लिफ्ट खा.पा उ.स | लिफ्ट खानेपानी संरचना निर्माण | ७१५४७६ |
| | | जम्मा | १७४१०८९१ |

८९ **मेलखोला बडिमालिका कृषि समुह भवन निर्माण -**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२४ को निर्णयबाट रु. ७५,८१६ सम्परीक्षण गरिएको ।)***

९० **अध्यक्ष निवास घेरबार तथा गेट निर्माण -** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐनमा पालिका अध्यक्षको सुविधाहरुमा आवास सुविधा रहको पाईदैन ।पालिकाले अध्यक्ष निवास घेरबार र गेट निर्माण कार्यको लागि लागत अनुमान रु.९,६५,२३५ तयार गरी लागत अनुमानकै हाराहारी रु.९,६२,९५९ मा श्री डागेश्वरी निर्माण सेवा सँग मिति २०८०/३/१५ भित्र सम्पन्न गर्ने गरी मिति २०७९/१२/१० मा सम्झौता भएको उक्त निर्माण कार्यको रु.९६२९५९ भुक्तानी भएको देखिन्छ ।पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐनमा व्यवस्था नभएको सुविधाको लागि बजेटमै व्यवस्था गरी निर्माण कार्य गर्नुलाई मनासिव मान्न सकिएन ।पालिकाले ऐनमा व्यवस्था भएको सुविधामात्र उपलव्ध गराउने तर्फ ध्यानदिनु पर्दछ।ऐनले व्यवस्था नगरेको सुविधाको लागि भएको भुक्तानी अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,६२,९५९ |

९१ **ऐतोडा लिफ्ट खानेपानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐतोडा लिफ्ट खानेपानी निर्माण कार्यको ऐतोडा लिफ्ट खानेपानी उपभोक्ता समितिलाई रु.३,८०,८३५।- भुक्तानी गरेको छ । उक्त योजनामा १०० मिटर ३२ MM HDPE १०० मिटर २५ MM HDPE पाइप र ३०० मिटर २० MM को HDPE पाईप गरी जम्मा ५०० मिटर HDPE पाईप खरिद गरेको उपभोक्ता समितिले बिल पेश गरेको र सोही

अनुसार नापी तथा उपभोक्ता बिलमा देखाई भुक्तानी दिएको हुँदा पाईपलाईन खनाईको लागि ५०० मिटर लम्वाईको १४७.१५ परिमाणको रु. ११४६.३९ का दरले रु.१,६८,६९१ भुक्तानी दिनुपर्नेमा ६९० मिटर लम्वाई देखाई १९८.४५ परिमाणको रु.११४६.३९ का दरले रु.२,२७,५०१ भुक्तानी गरेको पाईयो ।वास्तविक हुनु पर्ने परिमाण भन्दा बढी परिमाण ५१.३ को रु.११४६.३९ का दरले हुने रु.५८,८०९ बढी भएको हुँदा सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,८०९ |

९२ **चौका केदार मन्दिर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले मन्दिर निर्माण कार्यको लागि चौका केदार मन्दिर गड्लेटा उपभोक्ता समितिलाई रु.९,८०,७७६ भुक्तानी दिँदा नापी कितावमा रु.१,२६,९४६ Vat For Copper Sheet उल्लेख गरी सो रकम सहित भुक्तानी दिएको पाईयो । उपभोक्ता समितिले पेश गरेको बिलमा रु.८५,३९६ मात्र भ्याट वापत खर्च भएको देखिएकोले बढी भुक्तानी भएको भ्याट वापतको रकम रु.४१,५५० सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,५५० |

९३ **कोल्ड च्याम्बर निर्माण** -

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२४ को निर्णयबाट रु. ७५,००० सम्परीक्षण गरिएको ।)***

९४ **बाजिलेक लिफ्ट खानेपानी निर्माण** -

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ५५,०६९ सम्परीक्षण गरिएको ।)***

९५ **वडा कार्यालय भवन निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण सम्वन्धी कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सोही प्रयोजनका लागि प्रत्येक जिल्लाले त्यस जिल्लाको लागि लागु हुने गरी निर्माण सामाग्रीको दर तोकेको हुन्छ । यसरी तोकिएको जिल्ला दररेट र सम्वन्धित नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने हुन्छ। वडा कार्यालय भवन निर्माण कार्यको भुक्तानी दिँदा पालिकाले तयार गरेको दर विश्लेषण भन्दा तपसिल बमोजिमको वढी दररेट राखि लागत अनुमान तयार गरेर सोही अनुसार भुक्तानी दिएको हुँदा वढी हुन गएको रकम वडा कार्यालय भवन निर्माण उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु.

| क्र. | P.C.C 1:1.5:3 | Stone soling | P.C.C 1:3:6 | P.C.C 1:2:4 | जम्मा बढी |
|---|---|---|---|---|---|

| स | | | | | | | | | | | | | भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | |
| १ | १८७३०.८८ | १८९०३.६६ | ३४.०४ | ४७०९ | ६४७०.९२ | २५.०२ | १२७३३.५१ | १२८४९.६१ | ८.०४ | १६७५०.१३ | १६९२२.९१ | ११.४३ | ४४०८३ |
| | | | | | | | | | | असुल गर्नुपर्ने | | | ४४,०८३ |

९६ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समितिसँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगायतको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले अनियमित भएको रु.

| **क्र.सं.** | **गो भौ नं र मिति** | **उपभोक्ता समितिको नाम** | **उपभोक्ता समितिलाई भुक्तानी रु.** | **संलग्न निर्माण व्यवसायीको नाम** | **निर्माण व्यवसायीको बील पेश भएको रकम रु.** |
|---|---|---|---|---|---|
| १ | ५०/२०७९/११/१७ | वडा स्तरिय सडक मर्मत उ.स | ४७८३१७ | भवानी युवराज निर्माण सेवा | ४७८५०१ |
| २ | ५३/२०७९/११/१७ | तु.से पुराण | ३८२२९९ | भवानी | ३८२९७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सडक उ.स | | युवराज निर्माण सेवा | |
| ३ | ५७/२०७९/११/१७ | टपो जाने सडक निर्माण उ.स | १९०८७९ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १८०००० |
| ४ | ६४/२०७९/११/१९ | वुडर मिल चौराहा बस पार्क निर्माण | २८३४२७ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | २८८००० |
| ५ | ६८/२०७९/११/१९ | इखडा सडक निर्माण उ.स | ३८३२२९ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ४०००२० |
| ६ | ६९/२०७९/११/१९ | सुनलेक वेरुपाटा कृषि सडक उ.स | १४२५६० | भवानी युवराज निर्माण सेवा | १४२५५९ |
| ७ | ९७/२०७९/१२/१० | डाडा पुर्खे धौलिखान सडक निर्माण उ.स | ४३१०२० | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ४८०२५० |
| ८ | १०६/२०७९/१२/१२ | पत्थरगडा सडक निर्माण उ.स | ३५५७१६ | भवानी युवराज निर्माण सेवा | ३८२२४९ |
| ९ | ११४/२०७९/१२/१३ | सिर्सी सडक निर्माण उ.स | ४७६५७५ | वडीकेदार निर्माण सेवा प्रा.ली | ४७९१२० |
| १० | १२६/२०७९/१२/१४ | ग्यानी सडक | ४७६९३५ | मालिका | ४७८५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निर्माण उ.स | | कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | |
| ११ | १२७/२०७९/१२/१४ | विठोड सितोला पियलकाँडा सडक निर्माण उ.स | ४७९१९० | बडिकेदार निर्माण सेवा | ४७९१२० |
| १२ | १३२/२०७९/१२/१४ | गोगनपानी किल्लौरा कृषि सडक निर्माण उ.स | १३३१०४ | भवानी युवराज निर्माण सेवा | १३२७१८ |
| १३ | १४२/२०७९/१२/२२ | बगडेगडा सडक मर्मत निर्माण उ.स | १९१५३७ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १९२००० |
| १४ | १४९/२०७९/१२/२३ | देउजाल राजिपुर चौडमेलखोला सडक निर्माण उ.स | १४३९६५ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १२०००० |
| १५ | १५५/२०७९/१२/२४ | भानकोट सडक निर्माण उ.स | ३८२४०५ | भवानी युवराज निर्माण सेवा | ३८२४९८ |
| १६ | १५८/२०७९/१२/२६ | ५ नं वडा सडक मर्मत | २३७०२८ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | २४०००० |
| १७ | १६०/२०७९/१२/२७ | बुम्याताल सडक निर्माण | १९०३८२ | मालिका कन्स्ट्रक्सन | १९२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उ.स | | एण्ड सप्लायर्स प्रा.ली | |
| १८ | १६३/२०७९/१२/२९ | जोखेडा सडक निर्माण उ.स | ७३२९४ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ७४००० |
| १९ | १७८/२०८०/२/१ | मल्लो कुडी सडक मर्मत उ.स | १२२३७७ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १२३००० |
| २० | १८३/२०८०/२/५ | बडा स्तरीय सडक सफाई उ.स | १८९७८२ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | २००००० |
| २१ | १९०/२०८०/२/७ | ओखडानी नाचल्थली सडक निर्माण उ.स | ३८३२९४ | भवानी युवराज निर्माण सेवा | ३८१९९९ |
| २२ | १९३/२०८०/२/७ | भजना ढुवानगुनड डुब्की सडक निर्माण उ.स | १९१९६० | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १९२००० |
| २३ | २१३/२०८०/२/९ | सानिगाड डाडागाँउ सडक निर्माण उ.स | ४७९४८३ | आशिष एण्ड आयुश कन्स्ट्रक्सन प्रा.लि | ४८०००१ |
| २४ | २२६/२०८०/२/१६ | ऐतोडो सडक | १४००७८ | मालिका | १४०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निर्माण उ.स | | कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | |
| २५ | २४३/२०८०/२/२५ | छहरा पर्यटकिय क्षेत्र व्यवस्थापन उ.स | ३८३४५० | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ११९००० |
| २६ | २४६/२०८०/२/२९ | गाजरी सिस्यारी खैगाड निर्माण उ.स | ७६५०८५ | भवानी युवराज निर्माण सेवा | ७६७९९९ |
| २७ | २५५/२०८०/२/३२ | बालिलेक देखी मालिका मन्दिर सम्म सडक निर्माण | १३१५२८१ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १६४५२८० |
| २८ | २५६/२०८०/३/१ | बालिलेक गुयली सडक मर्मत | ३८०३९८ | आरती बिल्डर्स प्रा.ली | ३८०३९८ |
| २९ | २९०/२०८०/३/१९ | बसौटी सिराड सडक निर्माण उ.स | ४९७९६४ | आशिष एण्ड आयुश कन्स्ट्रक्सन प्रा.लि | ४९५३६० |
| ३० | ३०४/२०८०/३/२३ | चौकी बन्वार खतेडा सडक निर्माण | ५४५६१८ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ४९०००० |
| ३१ | ३१२/२०८०/३/२४ | ६ नं वडा सडक निर्माण | ५७५८२७ | बडीकेदार निर्माण सेवा | ५७६३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उ.स | | | |
| ३२ | ३१२/२०८०/३/२४ | ४ नं स्तरीय सडक सरसफाई तथा मर्मत उ.स | ४७९४८५ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ४८०००० |
| ३३ | ३२२/२०८०/३/२२ | ३ नं वडा सडक सफाई उ.स | २३७२१७ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | २३८००० |
| ३४ | ३२५/२०८०/३/२४ | गताडी कृषि सडक उ.स | १८९४७० | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १९०००० |
| ३५ | ३२७/२०८०/३/२४ | खलङ्गा देउथला सडक निर्माण उ.स | १९१४७५ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १९२००० |
| ३६ | ३३०/२०८०/३/२४ | धारापानी देखी डाँडाखाली स्तरोन्नती योजना उ.स | ३८२९२५ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ३८२९२५ |
| ३७ | ३३१/२०८०/३/२४ | वडा नं ५ सडक सफाई उ.स | ४७२४३२ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ४५०००० |
| ३८ | ३३२/२०८०/३/२४ | वडा नं २ | ४७६२८७ | मालिका | ४७६२८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सडक सफाई | | कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | |
| ३९ | ३३७/२०८०/३/२४ | मडयौल दह सिस्मडा सडक उ.स | ७५८७५१ | वडीकेदार निर्माण सेवा प्रा.ली | ७६८४०० |
| ४० | संघीय हस्तान्त्रित पूजिगत ४/२०८०/३/२४ | बाजिलेक गुयली सडक मर्मत उ.स | १४४०००० | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ४५०००० |
| जम्मा | | | १,४५,९०,५०१ | | १,४६,७३,४६२ |
| | | | | अनियमित भएको | १,४५,९०,५०१ |

९७ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिका र वडा प्रयोजनका लागि आ.व २०७९/८० मा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट मात्र रु.२६,७९,५८१ कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन ।यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउन तर्फ प्रयाप्त ध्यान दिनु पर्दछ ।

९८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्:-

-सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरे पनि सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन।

-रोजगार कार्यक्रमको लागि प्राप्त भएको पुरै बजेट रु.८४,९७,०००। खर्च गर्न नसकेको हुँदा न्युन दिन र न्युन संख्याले प्राप्त गर्ने गरी रोजगारी सिर्जना भएको छ ।

- सय दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी केही श्रमिकले १७ दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।

-श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट रु ५७७। मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्ने चाहाना नरहेको गुनासो पालिकामा आउने पालिकाको भनाई रहेको छ ।

-पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, नाली निर्माण, सिँचाई पोखरी निर्माण, खानेपानी मर्मत र पर्खाल निर्माण लगायतका २५ वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष १४६ जनालाई रोजगारी उपलब्ध गराई नेपाल सरकारको रु.६१,०६,६९९ र युवा रोजगारीका लागि रुपान्तरण पहल(आई.डि.ए विश्वबैंक) को रु. २३,१७,५०१ गरी कुल ८४,२४,२०० खर्च गरेको छ। लक्षित वर्गलाई १७ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । यसमा सुधार र व्यवस्थित गर्नका लागि सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।

९९ **सामाजिक सुरक्षा भत्ता वितरण**

९९.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत कुमारी बैंक, कृषि विकास बैकं र एभरेष्ट बैंक मार्फत प्रथम, द्वितिय, तृतिय र चौंथो किस्ता गरि जम्मा रु. ८१,३८९,७५० निकासा भएको देखिन्छ भने रु. ८१,००७,०५६ वितरण गरी बाँकी भएको रु. ३,८२,६९४ फिर्ता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

९९.२ **लाभग्राही नवीकरण-** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९९.३ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट

प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: जोरायल गाउँपालिका, डोटी , जोरायल गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Datt Bhatt | २०७९-५-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Prem Raj Joshi | २०७९-६-१ | २०७९-८-२३ |
| लेखा प्रमुख | Amar Bahadur Thapa | २०७९-१०-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बबिता रावत | २०७६-९-८ | २०७९-५-३१ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१९०,३६४.०६ | १५,७७९,०२७ | ८,९३१,९५० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २५,९०१,३४१.०६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८२७,८७५.०६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २५,०७३,४६६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५०३७८६७४.५९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४८०१७९४०.७७ | **चालु खर्च** | ३६४९५६२३८.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | ११२७३९१५ | **पूँजीगत खर्च** | १८१७५७८९९.३२ |
| **राजश्व बाँडफाँट** | ८५२०६३७६.३७ | **वित्तीय/अन्य व्यवस्था** | ९२५९८१०७.९९ |
| **आन्तरिक आय** | ३५७९८०५.०१ | | |
| **अन्य आय** | ८९९८००५८.२५ | | |
| **कुल आय** | ६३८०५८०९५.४ | **कुल खर्च** | ६३९३१२२४५.७४ |
| **बाँकी मौज्दात** | | ४९१२४५२४.२५ | |

## बेरूजु दफा ८६ सँग सम्बन्धित विवरण - अनुसूची -२

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | Earthwork Exvations | | | Stone soling | | | P.C.C 1:3:6 | | | P.C.C 1:2:4 | | | जम्मा बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | हुनुपर्ने दररेट रु. | भएको दररेट | परिमाण | |
| ५६,२०७९/१२/१६ | शिवम मन्दिर वडा नं १ | ५७६ | ७२१ | १४.३६ | ४७०९ | ६४७० | ५.४० | १२७९४ | १२९१० | ३ | | | | ११९३९ |
| ५७,२०७९/१२/२६ | भगवती मन्दिर वडा नं १ | ५७६ | ७२१ | २१.९१ | ४७०९ | ६४७० | ४.०३ | १२७९४ | १२९१० | ८.३७ | | | | ११२४४ |
| ६४,२०८०/१/२४ | ठुलादेवता मन्दिर वडा नं १ | ५७६ | ७२१ | १५.४८ | ४७०९ | ४७५७ | ३.७९ | | | | | | | २४२६ |
| ६१,२०८०/१/२५ | काफलडाँडाको मन्दिर वडा नं १ | ५७६ | ७२१ | ५.२५ | ४७०९ | ४७५७ | ४.९७ | १२७९४ | १२९१० | ३.३१ | | | | १३८३ |
| ६७,२०८०/२/३ | माथी जगन्नाथ मन्दिर वडा नं ३ | ५७६ | ७२१ | १५.२६ | ४७०९ | ४७५७ | २.२३ | १३१७० | १३२८६ | १.७८ | | | | २५२६ |
| ७९,२०८०/२/८ | गौरिशंकर मा.वि भवन वडा नं १ | ५७६ | ७२१ | ६५.१७ | ४७०९ | ६४७० | २३.५९ | १२७९४ | १२९१० | १५.७२ | | | | ५२८१५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८१,२०८०/२/९ | गङ्गौरी मन्दिरवडा नं २ | ५७६ | ९०१ | २४.८४ | ४७०९ | ४७५७ | १५.६४ | १२७३३ | १२८४९ | १.०८ | १६७५० | १६८२२ | ९.८० | ९६५४ |
| ८६,२०८०/२/१० | भैरवनाथ मन्दिरवडा नं २ | ५७६ | ७२१ | २५.८० | ४७०९ | | | | | | | | | ३७४१ |
| ९०/२०८०/२/१७ | घण्टेश्वर मन्दिर वडा नं १ | ५७६ | ७२१ | ११२ | ४७०९ | ४७५७ | ७.९२ | | | | | | | १६६२० |
| ९७/२०८०/२/३० | कालि भगवतीको मन्दिर वडा नं १ | ५७६ | ७२१ | २६.२९ | ४७०९ | ४७५७ | २२.२३ | | | | | | | ४८७९ |
| ९८/२०८०/२/३१ | सरस्वती मन्दिर वडा नं १ | ५७६ | ७२१ | १४ | ४७०९ | ४७५७ | २.८३ | | | | | | | २१६६ |
| ९९/२०८०/३/४ | वर्षा वर्मा मन्दिर वडा नं १ | ५७६ | ७२१ | ३९.२६ | ४७०९ | ६४९० | २.९० | १२७९४ | १२९१० | ३.२२ | १६९३२ | १९०१४ | ५.२५ | २२१६१ |
| १०८,२०८०/३/९ | अंगदेय देवताको मन्दिर वढा नं १ | ५७६ | ७२१ | २६.२५ | ४७०९ | ४७५७ | २.६० | १२७९४ | १२९१० | १.७९ | | | | ४१३८ |
| १२०,२०८०/३/१२ | भावरसैनी मन्दिर वडा नं २ | ५७६ | ७२१ | १५.६२ | ४७०९ | ४७५७ | ३.५४ | | | | १६७५० | १६९२२ | ७.५८ | ३७३८ |
| १३१,२०८०/३/१५ | समैजी मन्दिर वडा नं १ | ५७६ | ७२१ | १४.५९ | ४७०९ | ४७५७ | ५.३३ | | | | | | | २३७१ |
| १३३,२०८०/३ | मसानी मानु मर्मत | ५७ | ७२१ | १७.३ | ४७० | ४७५ | ३.३० | १३४ | १३६ | २.५६ | | | | २९६५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| /१६ | वडा नं ५ | ६ | | १ | ९ | ७ | | ९९ | १५ | | | | | |
| १३५,२०८०/३/१६ | वेरुपत्र मष्ट मन्दिर वडा नं १ | ५७६ | ७२१ | ४७ | ४७०९ | ४७५७ | ९.७० | १२७९४ | १२९१० | ९ | १६९३२ | १९०१४ | १४.६६ | ३८८४६ |
| १४८,२०८०/३/१८ | महादेव मन्दिर वडा नं ४ | ५७६ | ७२१ | १८.९२ | ४७०९ | ४७५७ | ४.३५ | १३०६४ | १३१८० | २.७१ | | | | ३२६६ |
| १६१,२०८०/३/२० | राह देवता मन्दिर वडा नं ४ | ५७६ | ७२१ | ३३.६ | ४७०९ | ४७५७ | ६.५६ | १३०६४ | १३१८० | ४.२८ | | | | ५६८३ |
| १६२,२०८०/३/२० | मसानी मन्दिर वडा नं ५ | ५७६ | ७२१ | १४.९८ | ४७०९ | ४७५७ | १.७४ | १३४९९ | १३६१५ | १.६८ | | | | २४५० |
| १६८,२०८०/३/२० | जनप्रिय आ.वि | ५७६ | ७२१ | १५.५८ | ४७०९ | | | | | | | | | २२५९ |
| १८९,२०८०/३/२२ | नवोदय मा.वि वडा नं ५ | ५७६ | ७२१ | १६०.३० | ४७०९ | ४७५७ | १९.८६ | १३४९९ | १३६१५ | ५.७९ | १७८६३ | १८०३६ | ३७.२५ | ३१३१२ |
| १९१,२०८०/३/२२ | चौकाकेदार मन्दिर वडा नं ५ | ५७६ | ७२१ | २७.८१ | ४७०९ | ४७५७ | ३.४० | १३४९९ | १३६१५ | २.५२ | | | | ४४८८ |
| ३४,२०७९/११/१८ | कृष्ण मन्दिर निर्माण वडा नं २ | ५७६ | ११४६ | ११.९७ | ४७०९ | ६४७० | ४.७९ | १२७३३ | १२८४९ | ८.१४ | | | | १६०९७ |
| ५०,२०७९/१२/१५ | मसानी देवता मन्दिर वडा नं २ | ५७६ | ९०१ | १०.२४ | ४७०९ | ६४७० | ३.७१ | १२७३३ | १६९२२ | २.४४ | | | | २००८२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५५,२०७९/१२/२४ | गोरखकाली मन्दिर निर्माण वडा नं २ | ५७६ | ७२१ | २०.६६ | ४७०९ | ४७५७ | २.३४ | | | | १६७५० | १६९२२ | १०.०३ | ४८३२ |
| ७५,२०८०/२/७ | परणे पिनाकेश्वर मन्दिर बडा नं ३ | ५७६ | ७२१ | १४.४ | ४७०९ | ४७५७ | ३.९७ | १३१७० | १३२८६ | २.६१ | | | | २५८० |
| ७७,२०८०/२/८ | काफलडाँडा मन्दिर वडा नं १ | ५७६ | ७२१ | २९.९२ | ४७०९ | ४७५७ | ९.८३ | १२७९४ | १२९१० | ७.०९ | | | | ५६३१ |
| ८०,२०८०/२/८ | मामैजगन्नाथ मन्दिर वडा नं १ | ५७६ | ७२१ | १२.२० | ४७०९ | ४७५७ | २.६६ | १२७९४ | १२९१० | १.७८ | १६९३२ | १९०१४ | ६.५१ | १५६५५ |
| ९२,२०८०/२/१९ | कालिभगवती मन्दिर वडा नं १ | ५७६ | ७२१ | ८७.८० | | | | | | | १६९३२ | १९०१४ | ६.७० | २६६८० |
| ९५,२०८०/२/२५ | ओखरारुख गौरीखोला नाउलो वडा नं १ | ५७६ | ७२१ | ५६.०८ | | | | | | | १६९३२ | १९०१४ | १.४५ | १११४९ |
| ९६,२०८०/२/२८ | कालिका मन्दिर वडा नं १ | ५७६ | ७२१ | ७६.८९ | | | | | | | १६९३२ | १९०१४ | ९.४३ | ३०४८९ |
| १३७,२०८०/३/१७ | अम्बरे भगवती देव मन्दिर वडा नं ५ | ५७६ | ७२१ | १७.८१ | | | | | | | १७८६३ | २०२९५ | ८.५१ | २३२७८ |
| १७९,२०८०/३/२१ | पिपलकण्डे मन्दिर वडा नं ४ | ५७६ | ७२१ | १९.५२ | | | | | | | | | | २८३० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०३,२०८०/३/२३ | सरस्वती मन्दिर वडा नं २ | ५७६ | ७२१ | ३२.६५ | | | | | | | १७२३१ | १८९०३ | १३.९९ | २८१२५ |
| २०४,२०८०/३/२३ | मालिका मन्दिर वडा नं ६ | | | | ४७०९ | ४९९५ | ६.११ | १२८६५ | १९०८९ | ४.४६ | | | | २९५०६ |
| २१०,२०८०/३/२३ | सरस्वती मन्दिर वडा नं २ | ५७६ | ९०१ | १०.८८ | ४७०९ | ६४७० | १.८ | | | | | | | ६६८७ |
| जम्मा | | | | | | | | | | | | | | ४,६६,६९१ |